भोटेकोशी गाउँपालिका
जुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

(सातौं बैठक)

आज मिति २०७९ भाद्र २७ गते सोमबारका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा
२. सदस्य : श्री दिछेन शेर्पा
३. सदस्य : श्री साङवु लामा
४. सदस्य : श्री कुमार श्रेष्ठ
५. सदस्य : श्री निमा सोना शेर्पा
६. सदस्य : श्री टाँसी शेर्पा
७. सदस्य : श्री दावा त्यम्वा तामाङ
८. सदस्य : श्री आङ छिरिङ शेर्पा
९. सदस्य : श्री बच्चु धतानी
१०. सदस्य : श्री जमुना थामी
११. सदस्य : श्री पम्फा वि.क.
१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते
१३. सदस्य : श्री निमि शेर्पा
१४. सदस्य सचिव : श्री भद्र बहादुर बस्नेत (प्र.प्र.अ)

आमान्त्रितहरु :

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री भवनी प्रसाद मिश्र (लेखा अधिकृत)
- श्री सपना कार्की (डा. स)

भोटेकोशी गाउँपालिका
झुल्पिडकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु :

प्रस्ताव नं. १ : सडक सरसफाई सम्बन्धमा ।

प्रस्ताव नं. २ : उपभोक्ता समितिलाई प्रशिक्षण सम्वन्धमा ।

प्रस्ताव नं. ३ : ग्याँस दुर्घटनामा परि घाइतेलाई दिईएको उपचार खर्च अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं. ४ : वजार अनुगमन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : शिक्षा समितिबाट भएको निर्णय अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं. ६ : अरनिको राजमार्ग मर्मतको लागि सडक विभागमा माग गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ७ : मन्दिर पूजारी कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. ८ : विपद व्यवस्थापन भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्ताव नं. ९ : भैरव कुण्ड पर्यटन प्रर्वद्धन खर्च अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १० : पर्यटन प्रर्वद्धन शिर्षकमा विनियोजित एकमुष्ट रकम बाडँफाड सम्बन्धमा ।

प्रस्ताव नं. ११ : तलवमान कायम सम्वन्धमा ।

प्रस्ताव नं. १२ : तातोपानी धारा पर्यटन शुल्क संकलनको लागि टेण्डर गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १३ : राजश्व असुलिका लागि पत्राचार गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १४ : गत आ.व. को बाकी भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १५ : मोटरसाईकल खरिद सम्वन्धमा ।

<u>निर्णय नं. १</u> :

भौगोलिक विकटता रहेको यस गाउँपालिका भित्रका ग्रामिण सडकहरु वर्षात र पहिरोका कारण क्षेति ग्रस्त रहेको र वर्षात कम भए सगै सवै वडा कार्यालय र वस्ती सम्म जाने ग्रमिण सडक सरसफाई गर्नु अति आवश्यक भएकोले ग्रामिण सडक सरसफाई वडा दशै भन्दा अगाडि नै गरिसक्ने साथै सो कार्यको लागि ११ सदस्य ग्रामिण सडक सरसफाई समिति गठन गर्ने (प्रत्येक वडाकार्यालयले २/२ जना र गाउँपालिकाले १ जना सदस्य तोक्ने) हाइड्रोबाट निशुल्क स्काभेटर उपलब्ध गराउने, स्काभेटर अपरेटर र सहयोगी कर्मचारीको दैनिक भत्ता तथा ईन्धन खर्च वापतको रकम यस गाउँपालिकाको आ.ब. २०७९/०८० मा सडक तथा पुल पुलेसा निर्माणको शिर्षकमा विनियोजन भएको ६५ लाख मध्ये रु ३० लाख सम्म उपभोक्ता समितिलाई अनुदान दिने निर्णय गरियो ।

[redacted] भोटेकोशी गाउँपालिका
सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल
२०७३

<u>निर्णय नं. २:</u>
चालु आ.ब. २०७९/०८० मा बजेट विनियोजन भई यस गाउँपालिका भित्र संचालन हुने आयोजना/योजनाहरुको निर्माणको लागि ५ वटै वडामा गठन भएका उपभोक्ता समितिहरुलाई मिति २०७९/६/१० गते भित्र प्रशिक्षण दिई सक्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३:</u>
यस भोटेकोशी गाउँपालिकामा स्थायी ठेगाना भई काठमाण्डौ वस्नुहुने तपसिल बमोजिमका व्यक्तिहरुको कोठामा ग्यास सिलिण्डर लिकेज भई आगोलिगी भएका कारण घाइते अवस्थमा उपचारका लागि आर्थिक सहायता गरिदिन वडा कार्यालयको सिफारिस भएको र तत्काल उपचारको लागि यस कार्यालयको विपद कोषबाट तपसिल बमोजिम जम्मा रु ९ लाख भुक्तानी भएको हुँदा उपचार खर्च वापत भुक्तानी भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

- श्री सोनाम शेर्पा, वडा नं. ३, रु १ लाख
- श्री वाङदि शेर्पा वडा नं. ४, रु १ लाख
- श्री निमा पासाङ तामाङ वडा नं. ५, रु १ लाख
- श्री नोर्गि तामाङ वडा नं. ५, रु २ लाख
- श्री सुनिल तामाङ वडा नं. ५ रु १ लाख
- श्री कर्मातामाङ वडा नं. ५ रु १ लाख
- रिन्जेन तामाङ वडा नं. ५ रु २ लाख

<u>निर्णय नं. ४</u> :
स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणको लागि वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता र परिमाण लगायतका विषयमा अनुगमन तथा निरिक्षण कार्यलाई व्यवस्थित गर्ने दशै अगाडि बजार अनुगमन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u> :
यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७९/०५/२३ गते भएको बैठक निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u> :
भौगोलिक विकटता तथा जोखिम रहेको यस भोटेकोशी गाउँपालिका क्षेत्र भित्र पर्ने अरनिको राजमागर्ग वर्षात, बाढी तथा पहिरोका कारण धेरै क्षेतिग्रत भएको, धेरै ठाउँमा बाटो अफ्टेरो भएको र कतिपय ठाउँमा आवतजावत नै वन्द हुने अवस्था रहेकोले यस पालिका भित्र पर्ने अरनिको राजमार्ग मर्मतको लागि सडक विभागमा आवश्यक बजेट तथा सहयोग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :

यस गाउँपालिका भित्र रहेका मन्दिरहरुको व्यवस्थापनको लागि सम्बन्धित वडाका वडा अध्यक्षहरुले नियमित अनुगमन तथा निरिक्षण गरि भक्तजनहरुलाई नियमिति सहज रुपमा पूजा गर्न पाउने वातावरण तयार गर्ने साथै लिस्तिमाई गुठी समितिलाई उग्रचण्डि मन्दिरको १ वर्षको लागि पूजा खर्च वापत रु ३० हजार उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ :

गाउँपालिका विपत ग्रत क्षेत्र रहेको, विपत व्यवस्थापनको लागि सामुदायिक भवन बनाउनु आवश्यक भएकोले यस पालिकामा विपत व्यवस्थापनको सामुदायिक भवन स्थलगत अध्ययन पछि ठाउँ तोक्ने निर्णय गरियो ।

निर्णय नं. ९ :

यस गाउँपालिकाको धार्मिक तथा ऐतिहासिक रुपमा रहेको भैरव कुण्डमा यस गाउँपालिकाबाट जनै पूर्णिमाको पावन अवसरमा आयोजित भैरव कुण्ड पर्यटन पवर्द्धन गर्न आयोजित कार्यक्रमा मिडियालाई डकुमेन्ट्रि बनाउन लगाएको र सो कार्यक्रमा भएको खर्च पर्यटन प्रवर्द्धन शिर्षकमा विनियोजित रकमबाट पेश भएको विल/भरपाई बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १० :

यस गाउँपालिकाको आ.व. २०७९/०८० को पर्यटन पवर्द्धन शिर्षकमा विनियोजित रकम तपसिल वमोजिमको धार्मिक तथा ऐतिहासिक स्थानहरुको संरक्षण, सम्वर्धन तथा निर्माणको लागि तपसिल बमोजिम बाडफाड गरियो ।

तपसिल :

| क्र.स | आयोजना/योजनाको नाम | विनियोजिम वजेट | वडा नं. |
|---|---|---|---|
| १ | लिस्ति मन्दिर मर्मत संभार | १० लाख | १ |
| २ | गुरु रिम्वोछे पार्क निर्माण | १० लाख | १ |
| ३ | तातोपानी वजार माने गुम्वा मर्मत तथा रङरोगन | ४ लाख ५० हजार | २ |
| ४ | लिस्तिमाई मन्दिर तातोपानी मर्मत तथा रङरोगन | ३ लाख | २ |
| ५ | डाडाटोल मन्दिर मर्मत | ३ लाख | २ |
| ६ | सेतिदेवी मन्दिर मर्मत | १ लाख ५० हजार | २ |
| ७ | यार्मासिङ वुद्ध पार्क | ८ लाख | ३ |
| ८ | ठाकफुचे दुङछोलिङ गुम्बा | १० लाख | ३ |
| ९ | टाँसि छोलिङ गुम्वा | २० लाख | ४ |
| १० | श्री साङछोलिङ गुम्वा | १० लाख | ४ |
| ११ | थुजेछेम्बो छ्याकतोङचेन्तोङ गुम्बा | १० लाख | ५ |
| | जम्मा | ९० लाख | |

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं. ११ :

यस गाउँपालिकामा पालिका अनुदान तर्फ कार्यरत आधारभूत तथा माध्यामिक तहमा कार्यरत शिक्षकहरुको तलव भत्ता तथा सेवा सुविधा आ.ब. २०७९/८० को लागि नेपाल सरकारले तोके बमोजिम नै हुने साथै पालिकामा कार्यरत बा.बि.के र सुसारेको तलव भत्ता तथा सेवा सुविधा रु १५०००/- (पन्ध्र हजार मात्र) कायम गरी निकास गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :

यस गाउँपालिकाको वडा नं. २ मा रहेको धार्मिक तथा ऐतिहासिक रुपमा रहेको तातोपानी धारामा लिईदै आएको पर्यटन शुल्क आगमा दिनमा टेण्डर आवह्वान गर्ने र टेण्डर मार्फत पर्यटन शुल्क संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :

यस गाउँपालिकामा दर्ता तथा नविकरण भै यस गाउँपालिका भित्र संचालनमा रहेका व्यापार/व्यावसाय, होटल, रेष्टुरेण्ट तथा बञ्जि जम्प लगायतले नियमानुसार तिर्नु पर्ने शुल्क/राजश्व नतिरेको हुँदा नियमानुसार समयमै राजश्व असुलिको लागि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :

गत आ.ब. २०७८/०७९ मा कार्य सम्पादन हुँन बाकी ठेक्की दुगुना-टाँसिथान सडकको आ.ब. ०७७/०७८ दखिको क्रमागत ठेक्का मध्ये बाकी कामको लागि प्रदेश मार्फत २०७८/०७९ को अन्त्यमा निकासा भएको दाहित्व बाकी तर्फको रु २८९४०००/- चालु आ.ब. मा आन्तरिक स्रोत तर्फ बैक मौजात अल्या भएको रकमबाट भुक्तानी दिने साथै खुकुण्डोल-फुल्पिङ्ग घिसिङ डाँडा सडक तर्फको बाकी कामका लागि दशै गाउँसभा ले विनियोजन गरेको पूर्वाधार विकास तर्फको सडक तथा पुल को रु ६५ लाख मध्येवाट १५ लाख योजना सम्पन्न भएपछि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १५ :

यस गाउँपालिका वडा नं. ४ र ५ का वडा अध्यक्षहरुलाई खरिद पृक्रिया पुरा गरी २२० सिसिको २ थान मोटरसाईकल तत्कालै खरिद गर्ने निर्णय गरियो ।